Summa Health™

Plain Language Summary of Financial Assistance Program

# आर्थिक सहायता कार्यक्रमको सरल भाषामा सारांश

## संक्षिप्त विवरण

सुम्मा हेल्थ सिस्टमले अनपेक्षित मेडिकल समस्याहरूले तपाईंको आर्थिक अवस्थामा निम्त्याउन सक्ने कठिनाइ पहिचान गर्छ। हामी तपाईंलाई आफ्नो अस्पतालको बिल भुक्तानी गर्नमा मद्दत गर्न सक्ने संघीय, राज्य र अस्पताल कार्यक्रमका स्रोतहरू फेला पार्न सहायता गर्न चाहन्छौं।

## नीतिअन्तर्गत प्रदान गरिने सहायता

हामी हाम्रो बिरामी वित्तीय परामर्शदाताहरूमार्फत बीमा नगरेका वा कम बीमा कभरेज भएका बिरामीहरूलाई निःशुल्क आर्थिक सहायता उपलब्ध गराउँछौं। हामी बिरामीहरूलाई संघीय, राज्य र अस्पतालका कार्यक्रमहरूबाट मेडिकल लाभहरू प्राप्त गर्नमा सहायता गर्न तयार छौं। तपाईंले आज आफ्ना केही वा सबै अस्पताल बिल भुक्तानी बेहोर्न सक्नुहुन्न भने, सुम्मा हेल्थ सिस्टमले तपाईंलाई आफू योग्य भएका कार्यक्रमहरू फेला पार्न र तपाईंको आवश्यकतासँग मेल खाने राज्य र/वा अस्पतालका कार्यक्रमहरूका लागि साइन अप गर्नमा मद्दत गर्ने छ। तपाईं आफ्नो आम्दानीका आधारमा निःशुल्क स्याहार, छुट, ब्याजरहित भुक्तानी सर्तहरूका लागि योग्य ठहरिन सक्नुहुन्छ।

## योग्यताका लागि आवश्यकताहरू

आर्थिक सहायता सामान्यतया संघीय गरिबी निर्देशिका (FPG) का आधारमा कुल घरेलु आम्दानीको स्लाइडिङ स्केलद्वारा निर्धारित गरिन्छ। हाम्रो नीतिअन्तर्गत हालको संघीय गरिबी सीमा (FPL) को 250% वा सोभन्दा कम घरेलु आम्दानी भएका वित्तीय सहायताका लागि योग्य व्यक्तिहरू निःशुल्क स्याहार प्राप्त गर्न योग्य छन्। हालको FPL को 251% र 400% भन्दा कम वा बराबर आय स्तर भएका व्यक्तिहरू नीतिमा उल्लेख गरिएअनुसार स्लाइडिङ स्केलमा आधारित छुट प्राप्त स्याहार प्राप्त गर्न योग्य छन्। यस्तो स्याहारका लागि बीमा भएका बिरामीहरूको तुलनामा वित्तीय सहायताका लागि योग्य ठहर गरिएको बिरामीलाई आपतकालीन वा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि सामान्यतया बिल बनाइने रकमभन्दा बढी शुल्क लगाउन पाइँदैन।

## सहायताका लागि कसरी आवेदन दिने:

प्रारम्भिक पहिचान गर्न र आवेदन प्रक्रिया सुरु गर्न सजिलो बनाउनका लागि पूर्व-नाम दर्ता र भर्ना/नाम दर्ताप्रक्रियाको अवधिमा आवेदन फारामहरू उपलब्ध गराइन्छ। तपाईंलाई फाराम पूरा गर्नमा सहायता चाहिएमा तपाईंसँग भुक्तानी गर्ने आफ्नो क्षमताबारे प्रश्नहरू भएमा, उपलब्ध कार्यक्रमहरूका बारेमा जानकारी चाहिएमा वा सीधै बिरामी प्रतिनिधिसँग कुरा गर्न चाहेमा, कृपया हाम्रा एक जना वित्तीय परामर्शदातालाई कल गर्नुहोस्। हामी व्यक्तिगत आवश्यकता र परिस्थितिहरू पूरा गर्नमा मद्दत गर्न प्रत्येक बिरामीसँग काम गर्छौं।

## प्रतिलिपिहरू र जानकारी कहाँबाट प्राप्त गर्ने:

वित्तीय सहायता नीति वित्तीय सहायता आवेदनका साथै वित्तीय सहायता आवेदन प्रक्रियाको निःशुल्क प्रतिलिपि Summahealth.org/patientvisitor/insuranceandbilling/financialassistance मा अनलाइनमार्फत वा हाम्रा वित्तीय परामर्शदाताहरूलाई पत्राचार, फोनमार्फत सम्पर्क गरेर वा तल सूचीबद्ध हाम्रा कुनै पनि अस्पतालको स्थानमा गई उपलब्ध छ।

## अस्पतालका स्थानहरू:

Akron Campus केन्द्रीय पञ्जीकरण
141 N. Forge St.
Akron, OH 44301
330.375.6685

Barberton Campus केन्द्रीय पञ्जीकरण
155 5th St NE
Barberton, OH 44203
330.615.3236

ग्राहक सेवाका लागि सोमवारदेखि शुक्रवारसम्म, बिहान 8 बजेदेखि साँझ 4:30 बजेसम्म 330.278.0160 सम्पर्क गर्न सकिन्छ।

## अङ्ग्रेजी नबोल्ने व्यक्तिहरूका लागि

वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन र यो सरल भाषाको सारांशका अनुवादहरू यहाँ उपलब्ध छन्: summahealth.org/patientvisitor/insuranceandbilling/financialassistance/financialassistancepolicytranslations



FIN-25-75728/TZ/05-25/MULTI/NEPALI